# त्रिभुवन विश्वविद्यालय
# सेवा आयोगको कार्यालय
## विज्ञापन नं. ९/२०७२-०७३ (विशेष आन्तरिक खुल्ला प्रतियोगिता)

त्रिभुवन विश्वविद्यालय अर्न्तगतका विभिन्न निकायका निमित्त निम्न लिखित प्रशासनिक/प्राविधिक पदहरूको विशेष आन्तरिक खुल्ला/समावेशी प्रतियोगिताद्वारा स्थायी पद पूर्ति गर्नु पर्ने भएकोले त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालयवाट नियुक्तिको स्वीकृति लिई त्रि. वि.को स्वीकृत दरवन्दीमा अथवा आन्तरिक श्रोतवाट तलव खाने गरी त्रि. वि. विकेन्द्रीकरण नियम २०५५ र त्रि. वि. स्वायत्तता सम्वन्धी नियम २०६२ वमोजिम सृजना गरिएको पदमा अस्थायी वा करार सेवा अन्तर्गत अटुट रुपमा कम्तिमा ६ महिना कार्यरत रहेका कर्मचारीहरुवाट मिति २०७२ कार्तिक १३ गते दिनको २ वजे भित्र (दोव्वर दस्तुर तिरेर २०७२ कार्तिक २० गते दिनको २ वजे सम्म) त्रि. वि. सेवा आयोगको कार्यालय, कीर्तिपुरमा आई पुग्ने गरी २/२ प्रति दरखास्त आव्हान गरिन्छ । आवेदन फाराम २०७२ आश्विन ११ गते देखि त्रि. वि. सेवा आयोगको कार्यालय कीर्तिपुरवाट रु. १००।- तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । आवेदन फारम साथ **ने.वै.लि कीर्तिपुर** स्थित **त्रि. वि को. आम्दानी खाता नं.४५-१०-००७७०६३ मा** आवेदन दस्तुर जम्मा गरेको सक्कल भाउचर र निम्न लिखित कागजातहरुको २/२ प्रति प्रमाणित प्रतिलिपिहरू पेश गर्नु पर्नेछ ।

१. शैक्षिक योग्यताको प्रमाण पत्र, लव्धाङ्क पत्रका प्रमाणित प्रतिलिपिहरु (प्रमाण पत्र नपाएको भए अस्थायी प्रमाण पत्र ) ।
२. हाल सालै खिचिएको पासपोट साइजको फोटो ४ प्रति ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
४. अनुभवको पत्र (त्रि. वि मा अस्थायी वा करार सेवामा रही सम्बन्धित पदमा काम गरेको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र) आवेदन साथ पेश गर्नु पर्नेछ ।
५. आदिवासी जनजाती, मधेशी, दलित, अपाङ्ग तथा पिछडीएको क्षेत्र समूहमा आवेदन दिनेहरुले नेपाल सरकारवाट तोकिएको आधिकारीक निकायवाट प्राप्त प्रमाण पेश गर्नु पर्नेछ ।

| कनं | पद | विशेष आन्तरिक खुल्ला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी जनजाती | मधेशी | दलित | अपाङ्ग | पिछडीएको क्षेत्र |
| १. | सहायक पुस्तकालयध्यक्ष | १ | १ | - | - | - | - | - |
| २. | अडियोभिजुअल रेकर्डर तथा इडिटर | १ | - | - | - | - | - | - |
| ३. | सहायक ट्याक्सीडरमिष्ट | १ | - | - | - | - | - | - |
| ४. | अडियो इडिटर | १ | - | - | - | - | - | - |
| ५.. | अडियो रेकर्डर | १ | - | - | - | - | - | - |
| ६. | सम्वाददाता | १ | - | - | - | - | - | - |
| ७. | अप्थाल्मिक असिस्टेण्ट | १ | - | - | - | - | - | - |
| ८. | स्पीच थेरापी सहायक | १ | - | - | - | - | - | - |
| ९. | रेडियोग्राफर | १ | - | - | - | - | - | - |
| १०. | स्टार्फ नर्स | ३० | १० | ८ | ७ | ३ | १ | १ |
| ११. | ल्याव असिष्टेण्ट | २ | १ | १ | - | - | - | - |
| १२. | मुख्य कार्यालय सहायक | २० | ७ | ५ | ४ | २ | १ | १ |
| १३. | मुख्य लेखा सहायक | ३ | १ | १ | - | - | - | - |
| १४. | कार्यालय सहायक | १० | ३ | ३ | २ | १ | १ | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | कम्प्युटर अपरेटर (हे.अ सरह) | ६ | २ | १ | १ | १ | - | - |
| १६. | क्लिनिकल असिष्टेण्ट | १ | - | - | - | - | - | - |
| १७. | लेखा सहायक | ५ | १ | १ | १ | १ | - | - |
| १८. | ड्राइभर | ५ | २ | १ | १ | १ | - | - |
| १९. | कार्यालय सहयोगी | ३२ | १० | ९ | ७ | ३ | २ | १ |

१. **पद- सहायक लाइव्रेरियन** (**तह ४ क**) : स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम
**आवेदन दस्तुर :- रु. १५००।- (एक हजार पाँच सय)**
**आवश्यक न्यूनतम योग्यता :-** त्रिभुवन विश्वविद्यालय वा यस वाट मान्यता प्राप्त शिक्षण संस्थावाट वि. लीव. एस्सी उपाधी प्राप्त ।

२. **पद- अडियो भिजुअल रेकर्डर तथा इडिटर** ,**(तह ५ क) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उर्त्तीण गरी सम्वन्धित सेवामा १ वर्षको कार्य अनुभव भएको ।

३. **पद :- सहायक ट्याक्सीडरमिष्ट** ,**(तह ५ क) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह उर्त्तीण गरी सम्वन्धित सेवामा १ वर्षको कार्य अनुभव भएको ।

४. **पद- अडियो इडिटर** ,**(तह ५ क) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरी सम्वन्धित सेवामा १ वर्षको कार्य अनुभव भएको ।

५. **पद- अडियो रेकर्डर** ,**(तह ५ क) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उर्त्तीण गरी सम्वन्धित सेवामा १ वर्षको कार्य अनुभव भएको ।

६. **पद- सम्वाददाता** **(तह ५ ख)** : स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता :-** मान्यता प्राप्त शिक्षण संस्थावाट पत्रकारिता विषयमा न्यूनतम प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्वन्धित सेवामा १ वर्षको कार्य अनुभव भएको ।

७. **पद- अप्थाल्मिक असिष्टेण्ट**, **(तह ५** ) : स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** :-त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह उत्तीर्ण र कुनै मान्यता प्राप्त अस्पताल वा स्वास्थ्य केन्द्रमा आँखा सम्वन्धी १ (एक) वर्ष काम गरेको अनुभव प्राप्त ।

**वा**

त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह उत्तीर्ण गरी CTEVT वाट संचालित अप्थाल्मिक असिष्टेण्ट कोर्ष (शीप तह ३) उत्तीर्ण गरेको ।

८. **पद- स्पीच थेरापी सहायक, (तह ५ ) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** :- त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान विषयमा प्रमाणपत्र तह उत्तीण र मान्यता प्राप्त अस्पताल वा स्वास्थ्य केन्द्रमा स्पीच थेरापी सम्वन्धी काममा कम्तिमा १ (एक) वर्षको अनुभव प्राप्त ।

९. **पद- रेडियोग्राफर, (तह ५) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता :-** त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट रेडियोग्राफि विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

१०. **पद- स्टार्फ नर्स ,(तह ५ )** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता :-** त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तीण गरेको ।

११. **पद- ल्याव असिष्टेण्ट, (तह ६ क)** स्थायी वेतन क्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता :-** त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट विज्ञान विषयमा प्रमाणपत्र तह उत्तीण गरेको ।

**१२.** **पद- मुख्य कार्यालय सहायक, (तह ६ ख) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता :-** त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

१३. **पद- मुख्य लेखा सहायक, (तह ६ ख) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता :-** त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन वा वाणिज्य विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको

१४. **पद- कार्यालय सहायक, (तह ७ ख) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका (एस.एल.सी.) परीक्षा उत्तीर्ण गरेको ।

१५. **पद- कम्प्युटर अपरेटर ,(तह ६ ख) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** :- त्रि. वि. वा यसवाट मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीण र कम्प्युटर सम्वन्धी ६ महिनाको डिप्लोमा तालिम प्राप्त गरेको ।

१६. **पद- ल्किनिकल असिष्टेण्ट, (तह ७ क)** : स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका (एस.एल.सी) परीक्षा उत्तीर्ण गरी सि.एम.ए/अ.हे.व. उत्तीर्ण वा मान्यता प्राप्त अस्पताल वा स्वास्थ्य केन्द्रमा सम्वन्धित काममा कम्तीमा १ (एक) वर्षको अनुभव प्राप्त गरेको ।

१७. **पद- लेखा सहायक, (तह ७ ख)** : स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १२००।- (एक हजार दुई सय)**
**आवश्यक न्यूनतम योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका (एस.एल.सी) परीक्षा उत्तीर्ण गरेको ।

१८. **पद- ड्राइभर, (तह ९ ) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु १०००।- (एक हजार मात्र)**
**आवश्यक न्यूनतम योग्यता** :- हेवी ड्राइभिङ्गको लाइसेन्स प्राप्त गरेको ।

१९. **पद- कार्यालय सहयोगी, (तह ९ ) :** स्थायी वेतनक्रम :- त्रि. वि. को प्रचलित स्केल वमोजिम ।
**आवेदन दस्तुर :- रु. १०००।- (एक हजार मात्र)**
**आवश्यक न्यूनतम योग्यता** : साधारण नेपाली, अंग्रेजी लेख पद गर्न जान्ने ।

**द्रष्टव्य :-**

१. एउटै पदको खुल्ला तर्फ वाहेक निश्चित समूह/क्षेत्रहरुमा आवेदन दिने उम्मेदवारहरुले तोकिएको आवेदन दस्तुरका अतिरिक्त प्रति समूह/क्षेत्रको २०% थप शुल्क वुझाउनु पर्नेछ ।
२. निवृत्तीभरणका सम्वन्धमा त्रि. वि. शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम २०५० (संशोधन सहित) को दफा ५४ (क) मा भएको विशेष व्यवस्था अनुसार हुनेछ ।
३. विशेष आन्तरिक खुल्ला प्रतियोगितामा एक कर्मचारीले एक पदकालागि मात्र उम्मेदवार हुन पाउनेछ
४. सहायक पुस्तकलयध्यक्ष पदलाई कार्यकारी परिषदको निर्णयानुसार सहायक लाइव्रेरियन पद कायम भएको ।

मिति २०७२ आश्विन ११ गते । (परशुराम कोइराला)
प्रमुख